# लालझाडी राजपत्र

## लालझाडी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ८ संख्या ६ मिति २०८१ असार १६ गते**

## भाग १

## लालझाडी गाउँपालिकाको सूचना

यस लालझाडी गाउँपालिकाको **राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७७** बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो ऐन प्रकाशन गरिएको छ;

संवत् २०८१ को ऐन नं ६

## <u>स्थानीय शिक्षा ऐन २०८१</u>

**<u>प्रस्तावनाः</u>** देश विकासको लागि सबै बालबालिकाहरुका लागि गुणस्तरीय शिक्षा र युवाको जीवन पर्यन्त सिकाईद्वारा यस क्षेत्रमा आवश्यक पर्ने दक्ष, योग्य, सीपयुक्त उत्पादनमुलक,

लालझाडी गाउँपालिका

जनहितका लागि स्थानीय, राष्ट्रिय र विश्वब्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी, आत्मानिर्भर, समृद्ध र सभ्य समाज निर्माणको लागि आवश्यक पर्ने जनशक्ति उत्पादन गर्न तथा सत्प्रतिशत बालबालिकाहरुको शिक्षालाई सर्वसुलभ, गुणस्तरीय, व्यवसायिक तथा समय सापेक्ष बनाउदै  संघीय लोकतान्त्रिक गणतन्त्रात्मक समाजवाद उन्मुख समाज निर्माण प्रति प्रतिबद्ध व्यवस्था अनुकुल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार, सदभाव र नैतिकता कायम राख्न परिवर्तित सन्दर्भमा यस गाउँपालिकाको आधारभुत तथा माध्यमिक स्तरको शिक्षालाई ब्यबस्थित र विकास गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको अनुसुची ८ अन्तरगत आधारभुत तथा माध्यमिक शिक्षाको अधिकारलाई कार्यान्वयन गर्न संविधानको धारा २२६ बमोजिम लालझाडी गाउँ सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## संक्षिप्त नाम, विस्तार र प्रारम्भः

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम **"स्थानीय शिक्षा ऐन, २०८१"** रहेको छ।

(२) यो ऐन कञ्चनपुर जिल्ला लालझाडी गाउँपालिकामा लागू हुनेछ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा;

(क) "अनुमति" भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ।

(ख) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत् विद्यार्थीको बाबु, आमा, बाजे, बजै वा त्यस्ता अभिभावक नभएमा विद्यालयमा अध्ययनरत बालबालिकालाई संरक्षण गर्ने व्यक्तिहरू मध्येवाट विद्यालयको अभिलेखमा जनिएको व्यक्तिलाई जनाउँछ।

(ग) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ।



लालझाडी गाउँपालिका

(घ) “कर्मचारी” भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ।

(ङ) “गाउँपालिका” भन्नाले लालझाडी गाउँपालिका सम्झनु पर्छ।

(ङ) “गाउँसभा” भन्नाले लालझाडी गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ।

(च) “तालिम केन्द्र” भन्नाले यस ऐन वमोजिम अनुमति प्राप्त गरी विभिन्न सीपमूलक तालिम प्रदान गर्ने संस्थालाई जनाउँछ।

(छ) “तोकिएको” वा “तोकिएबमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका नियम, कार्यविधि, निर्देशिकामा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(ज) “नियुक्ति गर्ने अधिकारी” भन्नाले शिक्षक तथा कर्मचारी नियुक्ति

गर्न तोकिएको अधिकारी सम्झनु पर्दछ।

(झ) "पुस्तकालय" भन्नाले नेपाल सरकार, गाउँपालिकाबाट अनुमति लिई सञ्चालन भएको विभिन्न पुस्तकहरू संग्रह गरी अध्ययन गर्न उपयुक्त हुने गरी निर्माण गरिएको संस्था जनाउँछ।

(ञ) "प्रारम्भिक बाल शिक्षा" भन्नाले चार वर्ष उमेर पुरा भएका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनु पर्छ।

(ट) "प्राविधिक तथा ब्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ।

(ठ) “प्रादेशिक शिक्षा ऐन” भन्नाले प्रादेशिक संसदले बनाएको शिक्षा ऐन सम्झनु पर्दछ।

(ड) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(ढ) “माध्यमिक शिक्षा” भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ।

(ण) “विशेष शिक्षा” भन्नाले दृष्टिविहिन, बहिरा,अटिज्म बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ।

(त) “विद्यालय शिक्षा” भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ।

(थ) “शिक्षक” भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो

शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

(द) "समावेशी शिक्षा" भन्नाले दृष्टिविहिन, न्यून दृष्टियुक्त बहिरा, सुस्त श्रवण, अटिज्म बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिइने शिक्षा र सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा सम्झनु पर्छ।

(ध) "समिति" भन्नाले गाउँ शिक्षा समितिलाई सम्झनु पर्छ।

(न) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिको नेपाल सरकार, प्रदेश सरकार र लालझाडी गाउँपालिकाबाट नियमित रूपमा अनुदान पाउने गरी

अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।

(प) "सहकारी विद्यालय" भन्नाले कुनै सहकारी संस्थाले नाफा नलिने उद्देश्यले स्थापना गरेको सहकारीका सदस्यहरुद्वारा सञ्चालित विद्यालय सम्झनु पर्छ।

(फ) "संस्थागत विद्यालय" भन्नाले निजी पहल र लगानीमा स्थापना गरिएका नेपाल सरकार, प्रदेश र स्थानीय सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।

(ब) "संघीय शिक्षा ऐन" भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐन सम्झनु पर्दछ।

(भ) "स्वीकृति" भन्नाले तोकिएबमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार, प्रदेश सरकार र

लालझाडी गाउँपालिका

गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ।

(म) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रूपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ।

(य) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा शाखा प्रमुखलाई सम्झनु पर्दछ।

(र) "शाखा" भन्नाले गाउँपालिकाको शिक्षा शाखा सम्झनु पर्दछ।

लालझाडी गाउँपालिका

(ल) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ।

(व) “शैक्षिक परामर्श केन्द्र” भन्नाले शैक्षिक परामृर्श प्रदान गर्ने उद्देश्यले नेपाल सरकारवाट वा यस गाउँपालिकाबाट अनुमति वा स्वीकृत प्राप्त संस्थालाई जनाउँछ।

## परिच्छेद—२

## शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमती, स्वीकृती, समायोजन तथा नियमन

३. **माध्यमिक शिक्षाको प्रकार**: माध्यमिक शिक्षा देहायबमोजिम हुनेछ।

(क) साधारण माध्यमिक शिक्षा,

(ख) संस्कृत माध्यमिक शिक्षा र

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा।

४. **विद्यालयको अनुमति, स्वीकृति, बर्गिकरण र समयोजनः** विद्यालयको अनुमति, स्वीकृति, बर्गिकरण र समयोजन तोकिएबमोजिम हुनेछ।

५. **शिक्षाको माध्यमः** (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी दुबै भाषा हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहायबमोजिम हुन सक्नेछ;

(क) आधारभूत तहको शिक्षा मातृभाषामा दिन सकिनेछ,

(ख) गैर नेपाली नागरिकले लालझाडी गाउँपालिका अन्तरगतका विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ र

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ।

(३) विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

(४) विद्यालय सञ्चालन गर्न तोकिएबमोजिमको आधारमा अनुमति लिई सञ्चालन गर्नुपर्नेछ।

(५) गाउँपालिकाले प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापनको लागि तोकिएबमोजिम थप व्यवस्था गर्न सक्नेछ।

(६) गाउँपालिकाले तोकिएबमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ।

(७) गाउँपालिकाले तोकिएबमोजिमको आधारमा विद्यालय सार्न, गाँभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न वा कक्षा थप गर्न सक्नेछ।

६. **गाउँ शिक्षा समिति सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहायबमोजिमको गाउँ शिक्षा समिति रहनेछः-

(क) गाउँपालिका अध्यक्ष -अध्यक्ष

(ख) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) गाउँ कार्यपालिकाले तोकेको शिक्षा हेर्ने विषयगत समितिको संयोजक -सदस्य

(घ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट गाउँ

कार्यपालिकाले मनोनित गरेको एकजना -सदस्य

(ङ) समाजसेवी, शिक्षा प्रेमी, वा चन्दादाताहरु मध्येबाट गाउँ कार्यपालिकाबाट मनोनित कम्तीमा एकजना महिला र एक दलित सहित दुई जना -सदस्य

(च) आधारभुत, माध्यमिक तह समेटने गरी विद्यालयका शिक्षक तथा प्रधानाध्यापकहरु मध्येबाट गाउँ कार्यपालिकाले मनोनित गरेको एकजना महिला सहित दुई जना -सदस्य

(छ) सम्बन्धित गाउँपालिका स्थित विशेष शिक्षा, समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालय वा अपाङ्गता सम्बन्धी शिक्षण संस्थाबाट प्रतिनिधित्व हुने गरी गाउँ शिक्षा समिति गाउँ शिक्षा समितिले मनोनित गरेको अपाङ्गता भएका व्यक्ति एकजना -सदस्य

(ज) गाउँपालिका क्षेत्रको नेपाल शिक्षक महासंघका अध्यक्ष/प्रतिनिधि एक जना -सदस्य

(झ) गाउँपालिका भित्रका सेवा निवृत शिक्षक मध्येबाट गाउँपालिकाले मनोनित एक जना -सदस्य

(ञ) गाउँ कार्यपालिका सदस्य मध्ये अध्यक्षले मनोनित गरेको एक जना -सदस्य

(ट) गाउँपालिकाको शिक्षा शाखा प्रमुख -सदस्य सचिव

(२) समितिका मनोनित सदस्यको कार्यकाल ३ वर्षको हुनेछ।

(३) आवश्यकता अनुसार विषय विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (१) अनुसार मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा गाउँ कार्यपालिकाले जुनसुकै समयमा पनि हटाउन सक्नेछ।

तर, त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि मनासिब माफिकको स्पष्टिकरणको मौकावाट वञ्चित गरिने छैन।

७. **गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार:** गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ;

(क) आफ्नो कार्य क्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने,

(ख) गाउँपालिका क्षेत्र भित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाँभ्ने, कक्षा थप्ने र घटाउने सम्बन्धमा गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने,

(ग) विद्यालयहरुलाई आर्थिक अनुदान सम्वन्धी आवश्यक स्रोतको खोजी गर्ने,

(घ) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने,

लालझाडी गाउँपालिका

(ङ) विद्यालयहरुको लेखा परीक्षकको नियुक्ति र पारीश्रमिक तोक्ने,

(च) गाउँपालिका क्षेत्र भित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षक, कर्मचारी, दरबन्दी, सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने,

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग वनाउने,

(ज) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने,

(झ) अभिभावक, कर्मचारी र शिक्षकबीच विवाद भएमा त्यसको समाधान गर्ने,

(ञ) शिक्षाको गुणस्तर कायम राख्ने सूूचक विकास गर्ने र प्रगति मूल्यांकन गर्ने तदनुसार अपेक्षित गुणस्तर कायम भएका



लालझाडी गाउँपालिका

विद्यालयलाई पुरस्कृत गर्ने, नभएकालाई सघाउने तथा लगातार तीन वर्षसम्म राम्रो नतिजा नल्याउनेलाई नसियत दिने ,

(ट) विद्यालयहरुलाई सामाजिक परीक्षण गर्न लगाउने,

(ठ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने,

(ड) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने,

(ढ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने,

(ण) शैक्षिक संस्था र शिक्षासंग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसियत, दण्ड, कारवाही गर्ने गराउने,

(त) विशेषज्ञहरुको छनौट गरी ठेगाना, फोन, इमेल भएको सम्पर्क सहितको सूची प्रकाशन गर्ने ,

(थ) संस्थागत विद्यालय सञ्चालनको मापदण्ड बनाउने, सञ्चालनको स्वीकृती र अनुमतीको लागि गाउँपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने,

(द) विद्यालयको नक्सांकन गरी विद्यालय गाँभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह र कक्षा थप गर्ने वा कक्षा घटाउने नीति, मापदण्ड तर्जुमा गरी गाउँपालिकामा पेश गर्ने ,

(ध) विद्यालयमा विषयगत शिक्षक दरवन्दी मिलान गर्ने तथा शिक्षक कर्मचारीहरुको सरुवाको सिफारिस तथा आवश्यक व्यवस्थापन गर्ने,

(न) अनौचारिक शिक्षा सञ्चालन, सामुदयिक सिकाई केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जुमा गर्ने,

(प) आवश्यकता अनुसार दिवा खाजा व्यवस्थापन गर्ने,

(फ) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी सबैका लागि शिक्षा सुनिश्चित हुने प्रवन्ध गर्ने,

(ब) विद्यालयमा पठनपाठनको अधिकतम् प्रवन्ध हुने गरी शैक्षिक क्यालेण्डर बनाई लागु गर्ने, गराउने,

(भ) शिक्षक तालिम नीति तर्जुमा गरी लागु गर्ने,

(म) गाउँ कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने,

(य) विद्यालयहरुलाई सक्षमतामा अधारिता अनुदान दिने वा अनुदान दिन सम्बन्धित निकायमा सिफारिस गर्ने,

(र) विद्यालयका शिक्षक तथा कर्मचारीलाई आवश्यक परेमा प्रोत्साहन सहित स्वेच्छिक अवकासको प्रबन्ध गर्ने,

(ल) गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरु बीच



लालझाडी गाउँपालिका

स्वस्थ प्रतिस्पर्धा गराई विद्यार्थीहरुको चौतर्फी विकासका लागि अतिरिक्त कृयाकलाप सञ्चालन गर्ने,

(व) गाउँपालिका स्तरमा स्थानीय पाठ्यक्रम निर्माणका लागि आवश्यक व्यवस्था गर्ने र

(श) तोकिएबमोजिमका अन्य कार्यहरु गर्ने।

८. <u>**शिक्षा शाखा प्रमुखको काम कर्तव्य र अधिकारः**</u> शिक्षा शाखा प्रमुखको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन्।

(क) गाउँ स्तरीय शिक्षा योजना तर्जुमा गरी गाउँ कार्यपालिकामा पेश गर्ने, गराउने,

(ख) गाउँपालिका तथा गाउँ शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने,

(ग) विद्यालय तथा शैक्षिक निकायहरुको अनुगमन तथा सुरिवेक्षण गर्ने, गराउने,

(घ) गाउँ कार्यपालिका, गाउँ शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने,

(ङ) शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने र तदनुसार पुरस्कार तथा दण्डको लागि गाउँ कार्यपालिकामा सिफरिस गर्ने,

(च) गाउँ शिक्षा समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्ने,

(छ) शिक्षा शाखा प्रमुखको काम कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

९. **<u>वडा शिक्षा समिति सम्बन्धी ब्यवस्थाः</u>** वडा स्तरमा देहायबमोजिमको वडा शिक्षा समिति गठन गर्न सकिनेछः

(क) सम्बन्धित वडाको वडाध्यक्ष - अध्यक्ष

(ख) वडा समितिका सदस्यहरु मध्ये वडा समितिले तोकेको (एक जना) -सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये वडा समितिले मनोनित गरेको (एक जना) -सदस्य

(घ) माध्यमिक तह र आधारभूत तहका विद्यालयका शिक्षक तथा प्रधानाध्यापक मध्येबाट गाउँ शिक्षा समितिले तोकेको (एकजना महिला सहित दुई जना)-सदस्य

(ङ) सम्बन्धित वडा भित्रका शिक्षाप्रेमीहरु मध्येबाट वडा समितिले तोकेको दलित, महिला र अपाङ्गता मध्येबाट (तीन जना) -सदस्य

(च) वडा शिक्षक महासंघ अध्यक्ष/प्रतिनिधि (एकजना) -सदस्य

(छ) सम्बन्धित वडाका वडा सचिव -सदस्य

(ज) वडाको उच्चतम् विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

१०. **<u>वडा शिक्षा समितिको काम कर्तव्य र अधिकारः</u>** वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) आफ्नो वडाको शैक्षिक योजना तयार गर्ने,

(ख) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भय रहित बनाउन सहयोग गर्ने,

(ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग बनाउने,

(घ) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने,

(ङ) सम्बन्धित वडा भित्रका अभिभावक कर्मचारी, र शिक्षक बीच विवाद भएमा त्यसको समाधान गर्ने,

(च) विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न आवश्यक

सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने,

(छ) नक्सांकनको आधारमा विद्यालय गाँभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह/कक्षा थपघट गर्न गाउँ शिक्षा समितिमा सिफारिस गर्ने,

(ज) वडाको शैक्षिक अभिबृद्धिका लागि आवश्यक कार्यहरु गर्ने,

(झ) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन तथा कार्यविधि आफैले निर्धारण गर्नेछ,

(ञ) प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन गर्न सिफारिस गर्ने ,

(ट) गाउँ शिक्षा समितिले तोके बमोजिम अन्य कार्य गर्ने र

(ठ) वडा स्तरको शैक्षिक तथ्यांक अध्यावधिक गर्ने।

११. <u>**विद्यालय व्यवस्थापन समिति सम्बन्धी ब्यवस्थाः**</u> (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) तल उल्लिखित खण्ड (ख), (ङ) र (च) ले यसै खण्डको (ख) मध्येबाट छानेको व्यक्ति -अध्यक्ष

(ख) अभिभावकले आफूहरु मध्येबाट छानी पठाएका कम्तीमा एक जना महिला, एक जना दलित वा अल्पसंख्यक सहित पाँच जना -सदस्य

(ग) विद्यालय रहेको सम्बन्धित वडाका जनप्रतिनिधिहरु मध्येबाट सो वडा समितिले मनोनयन गरेको एकजना -सदस्य

(घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना -सदस्य

(ङ) शिक्षकहरुले आफूमध्येबाट चयन गरी पठाएको शिक्षक प्रतिनिधि एकजना) -सदस्य

(च) विद्यालयको प्रधानाध्यापक -सदस्य-सचिव

(२) विद्यालय स्तरीय बालक्लबले सिफारिस गरेको माथिल्लो कक्षाको छात्रा र छात्र मध्ये एक जना बालबालिका प्रतिनिधिलाई आमन्त्रित सदस्यका रुपमा विद्यालय व्यवस्थापन समितिको बैठमा अनिवार्य सहभागी गराउनु पर्नेछ।

(३) गाउँ शिक्षा समितिको बैठकमा सम्बन्धित क्षेत्रको विद्यालय निरिक्षकलाई परिवेक्षकको रुपमा भाग लिन पाउनेछन्।

(४) सम्बन्धित विद्यालयको शिक्षक अभिभावक संघको अध्यक्षलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा अनिवार्य रुपमा आमन्त्रण गर्नु पर्नेछ।

(५) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरू अपाङ्गता भएका व्यक्तिको अभिभावकहरू सदस्य रहनेछन्।

(६) व्यवस्थापन समितिको म्याद सकिनु भन्दा कम्तिमा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन बहालवाला व्यवस्थापन समितिले गरी

पदभार हस्तान्तरण गर्नु पर्नेछ। यसो हुन नसकेमा वा व्यवस्थापन समिति गठन विवादित भएमा तोकिएबमोजिम व्यवस्थापन समितिको गठन गाउँ शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले गर्नेछ।

(७) व्यवस्थापन समिति गठन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(८) उपदफा (१) बमोजिम छानिएको वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ।

तर, यसै दफाको उपदफा (२) बमोजिम अमन्त्रित बालक्लब प्रतिनिधिको पदावधी एक बर्षको हुनेछ।

(९) विद्यालय व्यवस्थापन समिति अध्यक्ष हुन सम्बन्धित तह उत्रीर्ण गरी २५ वर्ष उमेर पुरा भएको हुनु पर्नेछ,

तर, त्यस्तो योग्यता प्राप्त ब्यक्ति नभएमा वा समितिमा आउन अनिच्छुक भएमा एक तह कम योग्यताको समेत राख्न सकिनेछ।

१२. **<u>सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u>** सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने र त्यसको जानकारी गाउँपालिकालाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रादायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोशाकको कार्यान्वयन गर्ने,

(छ) प्रचलित कानुन बमोजिम शिक्षक सेवा आयोगवाट सिफारिस भएका शिक्षकलाई हाजिर गराई काममा लगाउने तथा गाउँपालिकावाट स्वीकृत दरवन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने,

(ज) गाउँपालिकाबाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने,

(झ) गाउँ शिक्षा समितिबाट तोकिएको सूचिकृत लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखा परीक्षण गराउने,

(ञ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेश गर्ने,

(ट) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित गाउँपालिका र गाउँ शिक्षा समितिले दिएको

लालझाडी गाउँपालिका

निर्देशनहरूको पालना गर्ने, गराउने,

(ठ) विद्यालय सेवा क्षेत्रमा निरक्षरता उन्मुलन तथा आधारभूत शिक्षा सुनिश्चित गर्न पहल गर्ने,

(ड) तोकिएबमोजिम दरवन्दीका शिक्षकलाई कामको आधारमा प्रोत्साहन र विभागीय कारवाही गर्ने,

(ढ) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकको लागि सेवा, शर्त र सुबिधा तोक्ने र तोकिएबमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने,

(ण) विद्यालय शिक्षा एकै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउने,

(त) विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि गर्न र सामाजिक परीक्षण गराउन शिक्षक अभिभावक संघ गठन गर्ने,

(थ) नेपाल सरकार वा गाउँपालिकाले गरेको व्यवस्था



लालझाडी गाउँपालिका

बमोजिम तोकिएको कर्मचारीलाई तोकिएको तलव भत्ता प्रदान गर्ने,

(द) विद्यालय व्यवस्थापन समिति पदाधिकारीबाट नियमित अनुगमन गर्नु समितिको दायित्व हुनेछ,

(ध) विद्यालय भर्ना अभियान तथा अभिभावकिय शिक्षा सञ्चालनका अगुवाई गर्ने र

(न) तोकिएबमोजिमका अन्य कार्य गर्ने।

१३. **<u>शिक्षक अभिभावक संघः</u>** प्रत्येक विद्यालयमा तोकिएबमोजिम शिक्षक अभिभावक संघ रहनेछ।

१४. **<u>संस्थागत विद्यालय व्यवस्थापन समितिः</u>** संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरु मध्येबाट निर्वाचित व्यक्ति - अध्यक्ष

(ख) अभिभावकहरु मध्येबाट एकजना महिला समेत पर्ने गरी



लालझाडी गाउँपालिका

विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुईजना -सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरु मध्येबाट सम्बन्धित गाउँपालिकाले मनोनित गरेको एकजना -सदस्य

(घ) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक -सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको एकजना -सदस्य

(च) विद्यालयको प्रधानाध्यापक -सदस्य -सचिव

## परिच्छेद ३

## विद्यालय तहको शिक्षक तथा विद्यालय कर्मचारी र वाल विकास शिक्षकको दरवन्दी, सेवा शर्त, योग्यता एवम् सक्षमताको मापदण्ड

**१५. गाउँ शिक्षा समितिले शिक्षकको दरवन्दी निर्धारण गर्नेः**

(१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक

विद्यालयका लागि स्थायी दरवन्दी नेपाल सरकारले तोकेबमोजिम हुनेछ।

(२) उपदफा (१) भन्दा बाहेक गाउँपालिका क्षेत्रमा रहेका सामुदायिक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या, भौगोलिक अवस्था, विषय र विद्यार्थी तथा शिक्षकको अनुपातका आधारमा गाउँ शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले थप शिक्षक कोटा निर्धारण गरी गाउँ सभाबाट निर्णय गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम निर्धारित कोटामा शिक्षकको परिपुर्ति करार सेवाबाट तोकिएबमोजिमको कार्यविधि अनुसार गरिनेछ।

१६. **शिक्षकको सेवा शर्त, योग्यता र सक्षमताः** शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता तोकिएबमोजिम हुनेछ।

१७. **स्थायी अध्यापन अनुमती पत्र लिनु पर्नेः** अध्यापन अनुमति पत्र नलिई कुनै पनि प्रकारको शिक्षक पदका लागि उम्मेदवार हुन पाउने छैन।

१८. **दरवन्दी, सेवा शर्त, योग्यता एवम् सक्षमताको मापदण्डः** गाउँपालिकाले विद्यालय तहको शिक्षक तथा विद्यालय कर्मचारी र वाल विकास शिक्षकको दरवन्दी, सेवा शर्त, योग्यता एवम् सक्षमताको मापदण्ड तोकिए बमोजिमको हुनेछ।

## परिच्छेद ४

## शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम र कार्वाही तथा पदबाट हटाईने व्यबस्था

१९. **शिक्षकको नियुक्तिः** (१) सामुदायिक विद्यालयमा प्रधानाध्यापक वा करारमा शिक्षक नियुक्तिका लागि सिफारिस गर्न, समुदायद्वारा सञ्चालित विद्यालयमा सामुदायिक शिक्षक, अन्य शिक्षक तथा प्रधानाध्यापकको नियुक्ति र त्यसरी नियुक्त भएका शिक्षको बढुवाका लागि सिफारिस गर्न वा संस्थागत विद्ययालयमा स्थायी शिक्षक नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहायबमोजिमको एक शिक्षक छनौट समिति रहनेछ;

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सदस्य -संयोजक

(ख) सम्बन्धित क्षेत्रको विद्यालय निरिक्षक वा गाउँ शिक्षा अधिकृतले तोकेको अधिकृत -सदस्य

(ग) माध्यमिक तहको शिक्षक छनौट गर्नु पर्ने भएमा शिक्षा शास्त्र बिषयमा कम्तिमा

स्नाकोत्तर र अन्य तहको शिक्षक छनौट गर्नु पर्ने भए शिक्षा शास्त्र बिषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेका व्यक्तिहरुबाट उपलब्ध भए सम्म एक जना महिला समेतको प्रतिनिधित्व हुने गरी व्यवस्थापन समितिले मनोनित गरेको दुई जना - सदस्य

(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक-सदस्य सचिव

(२) शिक्षक नियुक्ति सम्बन्धी अन्य व्यवस्था प्रचलित संघीय कानुन बमोजिम हुनेछ।

२०. **<u>प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः</u>** सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक रहनेछ।

(२) प्रधानाध्यापकको नियुक्ति, सेवाको सर्त र सुविधा सम्बन्धी व्यवस्था देहायबमोजिम हनेछः

(क) माध्यमिक तहमा तहगत स्थायी, अस्थायी, राहत, अनुदान तथा स्नातकोत्तर उपाधि प्राप्त शिक्षक हुनु पर्नेछ। सो नभएमा स्नातक योग्यता प्राप्त शिक्षक मध्येबाट

प्रधानाध्यापकको नियुक्ति विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिको निर्णयमा प्रमुख प्रशासकीय अधिकृत दिनेछ।

(ख) आधारभूत तहमा स्थायी, अस्थायी, राहत, अनुदान तथा स्नातक उपाधि प्राप्त शिक्षक हुनु पर्नेछ। सो नभएमा प्रमाण पत्र योग्यता प्राप्त शिक्षक मध्येबाट प्रधानाध्यापक नियुक्ति विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिको निर्णयमा प्रमुख प्रशासकीय अधिकृतले दिनेछ।

(ग) नियुक्ति हुनु पूर्व पाँच बर्षे विद्यालय सुधारको कार्ययोजना विद्यालय व्यवस्थापन समिति मार्फत गाउँ शिक्षा समिति समक्ष पेस गर्नुपर्नेछ।

(घ) प्रधानाध्यापकको अवधी शुरुमा २ बर्षको हुनेछ। निजको कार्य

नतिजा हेरेर पछि अवधि थप गरिनेछ।

(ङ) विद्यालयको व्यवस्थापकीय नेतृत्व तथा शैक्षिक प्राविधिक नेतृत्व गरी विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ।

(च) उपदफा (२) को खण्ड (क) र (ख) बमोजिमको योग्यता पुगेको प्रधानाध्यापकको नियुक्ति गर्दा शिक्षा अधिकृतको सिफारिस शिक्षा विभागमा अनिवार्य रुपमा पेश हुनुपर्ने छ।

(छ) निजले पेश गरेको कार्ययोजना बमोजिम कार्य गरेको नपाईएमा गाउँ शिक्षा समितिले प्राधानाध्यापक पदबाट हटाउन सक्नेछ,

तर, एक पटक स्पष्टीकरणको मौका दिइनेछ।

२१. <u>**शिक्षकको सरुवाः**</u> (१) विद्यालयले शिक्षक पदको विवरण एकीकृत शैक्षिक व्यवस्थापन प्रणालीमा प्रबिष्टि

गरी पद रिक्त भएको मितिले सात दिन भित्र गाउँपालिकाको शिक्षा शाखालाई जानकारी दिनु पर्नेछ।

(२) उपदफा (१) जानकारी प्राप्त भइ विवरण अध्यावधिक भएपछि सम्बन्धित बिद्यालयको अनुरोधमा १५ दिन भित्र सरुवाको लागि तोकिएबमोजिमको सूचना आव्हान गर्नु पर्नेछ।

(३) सरुवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाई गाउँपालिका भित्र निज कार्यरत विद्यालय व्यवस्थापन समितिको सहमतिमा गाउँपालिकाले अर्को गाउँपालिकामा सरुवाको लागि सहमति दिन सक्नेछ र अर्को जिल्ला वा गाउँपालिकाबाट सहमति लिएर आउने शिक्षकलाई गाउँ शिक्षा समितिले गाउँपालिकाको जुन सुकै रिक्त दरवन्दीमा खटाउन सक्नेछ।

(४) गाउँपालिका शिक्षा समितिले समान तहको स्थायी, अस्थायी तथा राहत शिक्षक सरुवा गर्न सक्नेछ।

तर, दरबन्दी र राहत बीच सरुवा भएको अवस्थामा दरबन्दी वा राहत कोटा हालकै साविक विद्यालयमै रहने छ र शिक्षकको पदमा वा सेवामा कुनै आँच आउन दिइने छैन। माथि जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि संघीय तथा प्रदेश कानुन

सित बाझिने अवस्थामा यस्तो सरुवालाई छोटो अवधिको काज सरुवा समान मानिनेछ।

(५) विशेष अवस्थामा बाहेक शिक्षकको सरुवा शैक्षिक सत्रको सुरु वा अन्त्यमा मात्र गरिनेछ।

२२. <u>**दरवन्दी मिलानः**</u> (१) तोकिएको मापदण्डको आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा गाउँ शिक्षा समितिले तोकिएको प्रक्रिया पूरा गरी मिलान गर्नु पर्नेछ।

२३. <u>**शिक्षकको बढुवा सम्बन्धी व्यवस्थाः**</u> हाल स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारबाट लागु भएको कानुन बमोजिम हुनेछ। स्थानीय तहबाट नियुक्ति पाएका शिक्षकहरुको सेवा सर्त तथा बढुवा सम्बन्धी व्यवस्था गाउँ शिक्षा समितिको सिफारिशमा प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ।

२४. <u>**तालिम तथा क्षमता विकास सम्बन्धी व्यवस्था**</u>ः शिक्षकलाई नेपाल सरकारको नीति तथा स्थानीय तहबाट निर्धारित तालिम नीति अनुसार तालिम तथा क्षमता विकासको अवसर हुनेछ।

२५. <u>**शिक्षकलाई अन्य काममा लगाउन नहुने व्यवस्थाः**</u> (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ।

२६. **<u>कारवाही तथा पदमुक्त गर्न सक्ने व्यवस्थाः</u>** (१) देहायको अवस्थामा शिक्षक तथा कर्मचारीलाई नसियत वा पदमुक्त गर्न सकिनेछ।

(क) नसियत दिन सकिने

(१) विना कारण जानकारी नदिई लगातार वा पटक पटक गरी महिनामा पन्ध्र दिन कार्यलयमा अनुपस्थित भएमा,

(२) कार्यालय प्रमुखको मातहतमा नरहेमा,

(३) काम काज प्रति उत्तरदायी नभएमा,

(४) आफ्नो पदीय जिम्मेवारी पुरा नगरेमा,

(५) सेवा ग्राहीको गुनासो प्रति वेवास्ता गरेमा र

लालझाडी गाउँपालिका

(६) शिक्षक कर्मचारी सम्बन्धी बनेका ऐन कानुन तथा आचारसंहिता बमोजिम काम नगरी ऐन कानुन विपरित काम गरेमा।

(ख) पदबाट मुक्त गर्न सक्ने व्यवस्थाः

(१) कार्यालय प्रमुखको मातहतमा नरहेमा,

(२) कार्यालय सम्बन्धी गोप्य राख्नु पर्ने कागजात कुनै प्रेस सम्बन्धित अधिकारी अनुमति बिना कुनै व्यक्ति, गैर सरकारी संघसंस्थालाई दिएको प्रमाणित भएमा,

(३) कार्यालयमा मदिरा सेवन गरि उपस्थित भएमा,

(४) विना सुचना १५ दिन सम्म कार्यालयमा उपस्थित नभएमा,

(५) सुधार गर्नका लागि बारम्बार लिखित चेतावनी दिदा पनि सुधार नगरी सार्वजनिक सेवा प्रवाहमा असर पर्ने देखिएमा,

(६) नैतिक पतन देखिने फौजदारी अभियोग कुनै अदालत बाट प्रमाणित भएमा,

(७) करार कर्मचारीको हकमा करार सम्झौतामा उल्लेख भएका सर्तहरुमा बारम्बार उल्लङ्घन गरेमा,

(८) सेवाग्राहीको गुनासो बारम्बार वेवास्ता गरेको जनगुनासो आई सो प्रमाणित भएमा र

लालझाडी गाउँपालिका

(९) बारम्बार लिखित जवाफ तथा स्पस्टिकरण माग्दा त्यसको वेवास्ता गरेमा।

(२) दफा २० को उपदफा (१) खण्ड (क) र (ख) मा जेसुकै कुरा लेखिएको भएता पनि नसियत तथा पद मुक्त गर्नु अगाडि मौखिक तथा लिखित सफाई तथा स्पष्टीकरणको मौका बाट बञ्चित गरिने छैन।

२७. **अदालतको आदेशबाट पुनः बहाली हुन सक्नेः** (१) दफा २६ मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक÷कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम नोकरीमा पुनः बहाली हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनःबहाली भएको मिति सम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ।

२८. **तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने**ः दफा २७ मा उल्लेखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले सो अवधिको तलब, भत्ता

पाउने छैनन् र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुनेछैन।

२९. **स्थायी आवासीय अनुमति लिन नहुनेः** सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन। स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरुलाई तोकिएबमोजिम दण्ड तथा सजाय हुनेछ।

## परिच्छेद ५
## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन

३०. **विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारणः** (१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान कम्पाउण्ड, घेराबार, बालमैत्री बसाई व्यवस्था, वातावरण मैत्री हाता, करेशावारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग अलग शौचालय, सिकाई मैत्री वातावरण हुनु पर्नेछ।

(२) विद्यालयमा प्राथमिक उपचार, नियमित स्वास्थ्य परीक्षण, छात्राहरुलाई सेनिटरी प्याड जस्ता न्यूनतम् सुविधा उपलब्ध हुनु पर्नेछ।

(३) विद्यालयको स्तर अनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिएबमोजिम हुनेछ।

३१. **विद्यालयको सम्पत्तिः** (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ। यस ऐन बमोजिम अनुमति वा स्वीकृती रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति जुन विद्यालयमा गाभिएको हो उसैको हुनेछ। सो विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुनबमोजिम बेचबिखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँपालिका शिक्षा कोषमा जम्मा गर्नेछ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ। कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनु पर्नेछ।

तर, विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृती लिनु पर्नेछ।

(५) नेपाल सरकारको स्वीकृतीमा प्राप्त गरेको चल अचल सम्पत्ति नेपाल सरकारको स्वीकृती बिना बेचबिखन गर्न पाइने छैन।

३२. **सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापनः** (१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहने छ। सो विद्यालय वन्द, खारेज वा अन्यत्र गाँभिई विद्यालयको काममा प्रयोग नहुने भएमा गाउँपालिकाले कानुन बमोजिम भोग चलन गर्न सक्नेछ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहने छ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य गाउँपालिका र नेपाल सरकारको रहनेछ

३३. **विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः** (१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम् मापदण्ड अनुरुप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ। विद्यालयले नेपाल सरकारले तोकेको

मापदण्ड भित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नु पर्नेछ।

(२) आफ्ना क्षेत्र भित्रका विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरुको संख्या सम्बन्धित विद्यालयले तोकिएको समय सीमा भित्र गाउँ शिक्षा समितिमा माग गर्नुपर्नेछ।

(३) गाउँ शिक्षा समितिले शैक्षिक सत्र शुरु हुनु अगावै सम्बन्धित निकायहरुमा समन्वय गरी पाठ्यपुस्तक वितरण गर्नेछ।

(४) आधारभूततह सम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित बढीमा १०० पूर्णाङ्क वा ४ क्रेडिट आवर बराबरको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ।

(५) विद्यालयमा बहु पाठ्यपुस्तक लागु हुनेछन्।

(६) शैक्षिक स्तरको न्यूनतम् मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्यसामाग्री, थप स्व-अध्ययन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रवन्ध हुनुपर्नेछ।

३४. **अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालनः** (१) विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन गर्न सक्नेछ

(२) विद्यालयले बालक्लव, तथा वातावरण मैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, वनभोज कार्यक्रम, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहु प्रतिभामूखी क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ।

(३) गाउँपालिका अन्तरगतका युवा तथा विद्यार्थीहरुको खेलकुद सम्बन्धी क्षमता विकास, प्रतियोगिता सञ्चालन तथा समग्र खेलकुद विकासका लागि पालिका स्तरीय समिति गठन तथा परिचालन गर्न सकिनेछ र यसका लागि गाउँपालिकाले छुट्टै कार्यविधि बनाई लागु गर्न सक्नेछ।

## परिच्छेद ६

## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

३५. **आधारभूत तह कक्षा ८ को अन्त्यमा हुने परीक्षाको सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) आधारभूत शिक्षाको कक्षा ८ को अन्तिम परीक्षा गाउँपालिका स्तरीय हुनेछ।

(२) उपदफा (१) बमोजिमको परीक्षा सम्बन्धी सम्पूर्ण कार्य गर्न देहायबमोजिमको एक परीक्षा समिति गठन गरिनेछ।

(क) गाउँपालिका अध्यक्ष -संयोजक

(ख) आधारभुत तथा माध्यमिक तहको प्रधानाध्यापकहरु

मध्येबाट गाउँपालिका शिक्षा समितिका अध्यक्षले तोकेको (दुईजना) -सदस्य

(ग) गाउँ शिक्षा अधिकृत वा निजले तोकेको कर्मचारी -सदस्य सचिव

(२) उपदफा (२) बमोजिम गठन भएको परीक्षा समितिको कार्यविधि तोकिएबमोजिम हुनेछ।

## परिच्छेद ७
## गाउँ शिक्षा कोष

३६. **गाउँ शिक्षा विकास कोषः—** (१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुर्याउँन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि गाउँपालिका स्तरमा एक गाउँ शिक्षा विकास कोष रहनेछ। जसमा देहायका रकमहरू रहनेछन्ः

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) गाउँपालिकामा स्थापित शैक्षिक विकास कोषको रकम,

(ङ) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको वार्षिक कुल आम्दानी मध्ये तोकिए बमोजिमको रकम,

(च) दान, दातव्य, पुरस्कार र चन्दाबाट प्राप्त रकम,

(छ) सरकारी तथा गैरसरकारी संघ संस्थाबाट प्राप्त रकम,

(ज) दातृ निकायबाट प्राप्त रकम र

(झ) अन्य स्रोतबाट प्राप्त रकम।

३७. <u>**कोष सञ्चालनः**</u>- यो कोषको सञ्चालन गाउँ शिक्षा समितिको निर्णय अनुसार गरिनेछ।

३८. <u>**विद्यालय कोषः**</u> (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतवाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः—

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) गाउँपालिकको शिक्षा कोषबाट प्राप्त अनुदान,

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम र

(ङ) अन्य स्रोतबाट प्राप्त रकम।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक लेखापरीक्षण तोकिएबमोजिम हुनेछ।

## परिच्छेद ८
## दण्ड जरिवाना सम्बन्धी व्यवस्था

३९. **दण्ड सजायः** (१) गाउँपालिकाले गाउँपालिका भित्र विद्यालयहरुमा कार्यरत शिक्षक, कर्मचारीहरुले गरेको कसुर हेरी तोकिएबमोजिम प्रक्रिया अवलम्बन गरी दण्ड सजाय गर्नेछ।

(२) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असुल गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ।

(३) कसैले देहायका कार्य गरेमा, गर्न लगएमा वा सो कार्य गर्न सहयोग पुर्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानुनले तोके वमोजिम सजाय हुनेछः-

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा।

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा।

(झ) कानुन विपरीतको अन्य कार्य गरेमा।

(ञ) कानुन बमोजिमको कसूरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर फौजदारी अभियोगमा प्रहरी हिरासत वा मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ। सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ।

४०. **पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानुन वमोजिम पुनरावेदन लाग्नेछ।

## परिच्छेद ९
## बिबिध

४१. **जगेडा शिक्षकको व्यवस्थाः** गाउँपालिकाले तोकिएबमोजिम जगेडा शिक्षकको व्यवस्था गरी तोकिएको आधारमा विद्यालयको पठनपाठन र शिक्षा सम्बन्धी कार्य गराउनेछ।

४२. **बिवरण बुझाउनु पर्नेः** गाउँपालिका भित्र सञ्चालित संस्थागत विद्यालयहरुले गाउँपालिकामा तोकिएबमोजिम प्रगति बिवरण बुझाउनु पर्नेछ।

४३. **विद्यालय सञ्चालन कार्यविधि सम्बन्धी ब्यवस्थाः** (१) यो ऐन र प्रचलित कानुनको अधीनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रक्रिया लगायतका अन्य सान्दर्भिक विषय वस्तु समावेश गरी एक विद्यालय सञ्चालन कार्यविधि बनाई अभिभावक भेलाबाट पारित गराई लागु गर्नु पर्नेछ।

(२) अभिभावक भेलाले सो कार्यविधि आवश्यकता अनुसार संसोधन गर्न सक्नेछ।

(३) कार्यविधि अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ।

(४) विद्यालय सञ्चालन कार्यविधिको प्रतिलिपि पारित भएको मितिबाट ७ दिन भित्र व्यवस्थापन समितिले गाउँपालिका कार्यालयमा पेश गर्नु पर्नेछ।

(५) विद्यालयको कार्यविधि सार्वजनिक दस्तावेज हुनेछ र सो जो कोहीले पनि हेर्न पाउनु पर्नेछ।

४४. **गाउँपालिकाले निर्देशन दिन सक्नेः** (१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

४५. **शिक्षा परामर्श सभा गठन गर्न सक्नेः** गाउँ कार्यपालिकाले आवश्यक ठानेमा समग्र शिक्षाको स्थिति पहिचान गरी शैक्षिक उन्नयनका लागि आवश्यक परामर्श दिन एक सर्वपक्षीय वृहत शिक्षा परामर्श सभा गठन गर्न सक्नेछ।

४६. **टयूसन तथा कोचिङ्ग कक्षा सम्बन्धी व्यवस्थाः** कुनै पनि विद्यालय वा विद्यालय वाहिर टयूसन, कोचिङ कक्षा सञ्चालन गर्न तोकिएबमोजिमको शर्तहरु पुरा गरी गाउँपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ।

४७. **संक्रमणकालीन व्यवस्था**ः (१) यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदा सम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ।

(२) यो ऐन जारी भए पछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति गाउँ कार्यपालिकाले दिन सक्नेछ।

४८. <u>**नियम बनाउने अधिकारः**</u> यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

४९. <u>**आचारसंहिता बनाउनेः**</u> गाउँपालिकाले शिक्षक, विद्यार्थी, अभिभावक र विद्यालयको तोकिएबमोजिमको आचारसंहिता लागु गर्नेछ।

५०. <u>**बाधा अडकाउ फुकाउने अधिकारः**</u> यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐन सरह मानिनेछ।

तर, यस्तो आदेश गाउँ कार्यपालिकाले ६ महिना भित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ।

५१. <u>**बचाउ र लागू नहुनेः**</u> (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसूरमा भ्रष्टाचार

निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्नेछैन।

(३) यस ऐनका दफाहरु संविधान, संघीय शिक्षा ऐन र प्रदेश कानुनसँग बाझिएको हदसम्म स्वतः निस्कृय हुनेछन्।

(४) शिक्षा ऐन २०२८ (संशोधन सहित) बमोजिम नियुक्त शिक्षक, कर्मचारीहरुलाई नेपाल सरकारबाट दिइदै आएको सेवा, सर्त र सुविधामा कुनै किसिमको कटौती गरिनेछैन। निजहरुले खाइपाई आएको सुबिधा यसै ऐन अनुरुप दिइएको मानिनेछ।

तर, यो व्यवस्थाले कानुन वमोजिम दण्ड, सजाय र कारवाही गर्न वाधा पर्नेछैन।

५२. **खारेजी तथा बचाउ:** (१) यस गाउँपालिकाको शिक्षा सेवा सञ्चालन कार्यविधि २०७५ लाई खारेज गरिएको छ।

(२) उपदफा (१) मा उल्लेखित शिक्षा सेवा सञ्चालन कार्यविधि २०७५ बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

**आज्ञाले**

राज बहादुर सार्की

प्रमुख प्रशासकीय अधिकृत